"समुन्नत इलाम, सम्पन्न इलामेली"
इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः– राजश्व शाखा (२०८०/८१)
च.नं. ८५२

भानुपथ, इलाम, कोशि प्रदेश, नेपाल
मितिः २०८०/०७/०२

## आन्तरिक आय ठेक्का बन्दोबस्तीसम्बन्धीको सूचना

(पहिलो पटक प्रकाशन मितिः २०८०/०७/०२)

इलाम नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर/ शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८०/८१ को लागि बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### शर्तहरु

१) शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात तपसिलमा तोकिएको रकम फिर्ता नहुने गरि बुझाई यो सूचना प्रकाशन भएको मितिले तपसिल अनुसारका दिन कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखाबाट खरीद गर्न सकिनेछ । खरीदकर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, प्यान/ आयकर दर्ताको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ । खरीदकर्ता फर्म/ कम्पनी वा संस्था हरुले चालु आ.व. २०८०/८१ सम्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा म्याद थप कागजात समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) प्रमुख प्रशासकिय अधिकृतको दस्तखत तथा कार्यालयको आधिकारीक छाप नभएको र फोटोकपि गरिएको शिलवन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजातलाई मान्यता दिईने छैन । साथै एक फर्मको नामबाट खरीद गरि अर्को फर्मको नामबाट शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात दाखिला गर्न पाईने छैन । ठेक्का पेश गर्दा शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात खरीद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य पेश गर्नु पर्नेछ ।

३) शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजातको खाममा ठेक्का नं., ठेक्काको नाम, ठेक्कादाताको नाम, ठेगाना, सम्पर्क नं. र छाप स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

४) शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात तपसिलमा उल्लेखित दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिल गरिसक्नु पर्नेछ । शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात सोही दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिने । शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात खोल्दा ठेक्का प्रस्तावदाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा खोलिने उक्त समयमा ठेक्का प्रस्तावदाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागज खोल्न कुनै वाधा पर्ने छैन । शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजात दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समय र स्थानमा गरिनेछ ।

५) शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजातसाथ आफूले ठेक्का कवोल गरेको अङ्कको ५% रकम जमानत वापत नेपाल बै लिमिटेड इलाम स्थित यस कार्यालयको धरौटी खाता नं ०४००३०००००३००००००००१ मा नगद दाखिला गरेको स भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट इलाम नगरपालिकाको नाममा जारी गरिएको कम तपसिलमा तोकिएको मान्य अवधि भएको बैंक जमानत (ग्यारेण्टि) पेश गर्नु पर्नेछ ।

६) शिलबन्दी बोलपत्र/ दरभाउपत्र प्रस्ताव कागजातको वि.ओ.क्यु. को दररेट महलमा प्रस्ताव गरिएको दररेट अङ्क र अक्षरमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

प्रमुख प्रशासकीय

✆ ०२७– ५२००६०/५२००६५ फ्याक्सः ०२७– ५२००३१ दमकलः ०२७– ५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

CamScanner

७) यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन वक्यौता रहेका व्यक्ति/ फर्म/संस्था को ठेक्का स्वीकृत हुने छैन ।

८) ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्काको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल वैक भौचर तथा कुल ठेक्का अङ्कको बाँकि दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल वैक भौचर वा नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । कबोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्स वण्ड आवश्यक पर्ने छैन ।

९) ठेक्का रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता बापतको रकम नगदै (स्वीकृत ठेक्का अङ्कको एक तिहाइ बराबरको रकम) वा स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) अनिवार्य बुझाउनु पर्नेछ । ठेक्का रकम बुझाउदा प्रत्येक किस्ताको रकम उक्त किस्ता बुझाउने चौमासीक अवधिको अन्तिम सम्ममा बुझाउनु पर्नेछ । एकमुष्ट ठेक्का रकम अग्रिम बुझाउन चाहेमा कुल ठेक्का अंकको १०% प्रतिशत रकम छुट दिइनेछ ।

१०) ठेक्का प्रस्तावदाताले सेवा शुल्क नगरपालिकाबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ। नगरपालिकाबाट तोकिएको दररेट भ्याट सहितको रहेकोछ ।

**११) यस ठेक्काको कुल ठेक्का रकम भ्याट बाहेकको रहेको छ । ठेक्का प्रस्तावदाताले कबोल गरेको रकमको १३% प्रतिशत भ्याट रकम ठेक्का प्रस्तावदाताले नै छुट्टै सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।**

१२) माथि उल्लेखित आय ठेक्काहरुको बन्दोबस्ती अवधि ठेक्का सम्झौता भएको मिति देखि लागू भई २०८१ जेष्ठ मसान्त सम्म कायम रहनेछ । **स्वीकृत आइ इ इ प्रतिवेदनमा तोकीए अनुसारका स्थानहरुबाट तोकीए अनुसारको परीमाण तथा तोकीए अनुसारको प्रभावहरु न्युनिकरणका उपायहरु अपनाउनु पर्नेछ ।**

१३) ठेक्का अवधिमा कुनै वाधा अड्चन आइपरेमा वा ठेक्का प्रस्तावदाता र कार्यालयबीच विवाद वा अस्पष्टता भएमा सम्झौताको शर्त, नगर कार्यपालिकाको निर्णय, प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारले सो सम्बन्धमा जारी गरेका मापदण्ड/कार्यविधि/निर्देशिका/निर्देशन अनुसार हुनेछ ।

१४) प्रचलित कानुन बमोजिम *टिडिएस,* नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर लगायतक सम्पुर्ण दायीत्वहरु ठेक्का प्रस्तावदाता स्वयंमले व्यहोर्नु पर्नेछ । उल्लेखित दायीत्वहरु ठेक्का प्रस्तावदाताले ठेक्का सम्वन्धि कागजात (विओक्यु) मा कवोल गरीएको रकम अनुसारको सम्वन्धित निकायहरुमा बुझाउनु पर्नेछ ।

१५) यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

०२७–५२००६०/५२००६५ फ्याक्सः ०२७–५२००३१ दमकलः ०२७–५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

CamScanner

"समुन्नत इलाम, सम्पन्न इलामेली"
इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः– राजश्व शाखा (२०८०/८१)

भानुपथ, इलाम, कोशि प्रदेश, नेपाल

निम्न:

| क्र. स. | ठे. नं. | ठेक्काको विवरण | न्युनतम कबोल अक (भ्याट बाहेक) | ठेक्का आव्हानको किसिम | ठेक्का जमानत रकम (विड वण्ड) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | ढुंगा गिट्टी बालुवा बिक्री तथा निकासी (जल विघ्युत कम्पनीको क्षेत्र बाहेक) कार्यको | | | | |
| २ | ११ | टापु क्षेत्र वडा नं. ९,१०, कुडुले पांगेटार क्षेत्र वडा नं. ९, बगैंचा क्षेत्र वडा नं. ९,१०, राजदुवाली क्षेत्र वडा नं. ९,१० | ४८,५०,४१३.७५ | बोलपत्र | कम्तिमा कबोल रकमको ५% | • भ्याट बाहेकको कबोल अंक बमोजिमको रकम यस कार्यालयमा बुझाउनु पर्ने र कबोल अंकको १३% ले हुने रकम छुट्टै नेपाल सरकारलाइ छुट्टै बुझाउनु पर्ने । |
| ३ | १२ | सुपरमाई क्याससकेड क्षेत्र वडा नं. ५,८ रुलुक क्षेत्र वडा नं. २ दुधाङ्ग क्षेत्र वडा नं. ५ | १०,७८,१३८.१७ | सिलवन्दि दरभाउपत्र | | |
| ४ | १३ | ठाडेखोला क्षेत्र वडा नं. ११ भाङ्गटार क्षेत्र वडा नं. ९,११ सटके क्षेत्र वडा नं. ९,१२ बेलासे क्षेत्र वडा नं. ११ | २८,९९,८१०.४६ | बोलपत्र | | |
| ५ | १४ | बीसहाते क्षेत्र वडा नं. ८ अर्चले क्षेत्र वडा नं. ८ खोसनि क्षेत्र वडा नं. ८,१० सुदुङ्ग क्षेत्र वडा नं. ८ वज्रदेवी क्षेत्र वडा नं. ८ माईबेनी दोभान क्षेत्र वडा नं. ८ सोती क्षेत्र वडा नं. ८ | ५२,१५,२०४.७३ | बोलपत्र | | |
| ६ | १५ | वाफ्रुङ क्षेत्र वडा नं. ४ खोलाटार क्षेत्र वडा नं. १,३ पुवाखोला माथी क्षेत्र वडा नं. ३,४ ओजेले क्षेत्र वडा नं. ५ | ४,६३,०२३.१८ | सिलवन्दि दरभाउपत्र | | |

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

☏ ०२७–५२००६०/५२००६५ फ्याक्सः ०२७–५२००३१ दमकलः ०२७–५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

CamScanner

"समुन्नत इलाम, सम्पन्न इलामेली"
इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
Green Ilam

पत्र संख्या:- राजश्व शाखा (२०८०/८१)
भानुपथ, इलाम, कोशि प्रदेश, नेपाल

- शिलबन्दी दरभाउपत्र प्रस्ताव कागजात/ फारम खरिद गर्न सकिने मिति तथा समय: २०८०/०७/१६ गते कार्यालय समय भित्र
- शिलबन्दी बोलपत्र प्रस्ताव कागजात/ फारम खरिद गर्न सकिने मिति तथा समय: २०८०/०७/१९ गते कार्यालय समय भित्र
- शिलबन्दी दरभाउपत्र प्रस्ताव कागजात दर्ता गर्न सकिने मिति तथा समय: २०८०/०७/१७ गते दिनको १२:०० वजे भित्रमा।
- शिलबन्दी बोलपत्र प्रस्ताव कागजात दर्ता गर्न सकिने मिति तथा समय: २०८०/०७/२० गते दिनको १२:०० वजे भित्रमा।
- पेश भएका सिलबन्दि प्रस्ताब कागजात/ फारम फिर्ता लिन वा ससोधन गर्न पाइने छैन ।

..........................
गणेश कुमार खडका
प्रमुख प्रशासकिय अधिकृत

० २७–५२००६०/५२००६५ फ्याक्स: ०२७–५२००३१ दमकल: ०२७–५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

CamScanner